# बरहथवा नगरपालिकाको लैङ्गिक समानता नीति, २०७९

बरहथवा नगरपालिका,

सर्लाही, मधेस प्रदेश, नेपाल

Scanned with CamScanner

## विषय सुची


| | |
|---|---|
| १. पृष्ठभूमि | ३ |
| २. वर्तमान स्थिति | ३ |
| ३. समस्या | ४ |
| ४.चुनौती | ४ |
| ५. नीतिको आवश्यकता र औचित्य | ४ |
| ६. दीर्घकालीन सोच | ५ |
| ७. सोचको परिदृश्य | ५ |
| ८. लक्ष्य | ५ |
| ९. उद्देश्य | ५ |
| १०. रणनीति | ५ |
| ११. नीति तथा कार्यनीति | ६ |
| १२. संस्थागत संरचना | ११ |
| १३. कानूनी व्यवस्था | १२ |
| १४. अनुगमन तथा मूल्यांकन | १२ |
| १५. सम्भावित जोखिम न्यूनीकरण योजना | १२ |




Scanned with CamScanner

# बरहथवा नगरपालिकाको लैङ्गिक समानता नीति, २०७९

## १. पृष्ठभूमि

संवत् २०७२ सालमा जारी भएको नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरुप विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भोदभाव गरिने छैन, महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ र पैतृक सम्पत्तिमा लैङ्गिक भोदभाव विना सवै सन्तानको समान हक हुने भन्ने व्यवस्था गरेको छ । संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन, वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शेषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पोडितलाई कानून वमोजिम क्षतिपुर्ति प्रपाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ । संगै धारा २५२ मा राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापित गरेको छ । नेपाल पक्ष भएको महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उनूलन गर्ने महासन्धि, १९७९ लाई सन् १९९१ मा सोको ऐच्छिक प्रोटोकल, १९९९ लाई सन् २००७ मा समान कामका लागि महिला र पुरुषवीच समान पारिश्रमिक सम्वन्धी महासन्धि, १९५१ (आईएलओ १००) लाई सन् १९७६ मा र रोजगार तथा पेसामा हुने विभेद सम्वन्धी महासन्धि, १९५८ (आईएलओ १११) लाई सन् १९७४ मा नेपालले अनुमोदन गरिसकेकाले नेपालको लैङ्गिक समानताप्रति अन्तर्राष्ट्रिय प्रतिवद्धता समेत रहेको छ ।

लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय र सहकार्यलायं सुदृढ वनाउदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिक मैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि स्थानीय स्तरमा पनि समग्र राष्ट्रिय नीतिलाई टेवा दिनको लागि स्थानीय लैङ्गिक समानता नीतिको आवश्यकता रहेको हुँदा यस नगरपालिकाले यस बरहथवा नगरपालिकाको लैङ्गिक समानता नीति २०७९ लाई अवलम्वन गरी अभ्यास गर्न जारी गरेको छ ।

## २. वर्तमान स्थिति

नेपालको कुल जनसंख्याको ५१.५ प्रतिशत महिलाको जनसंख्या रहेको छ । सन् २०१९ मा नेपाल मानव विकास सूचकांकमा ०.६०२ अंक सहित १४२ औं स्थानमा रहेको छ । राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको लैङ्गिक विकास सूचक र लैङ्गिक सशक्तिकरण मापक कमश: ०.८८६ र ०.६२ तथा लैङ्गिक असमानता सूचक (Gender Inequality Index) ०.४७६ रहेको छ । विश्व आर्थिक मन्चद्वारा तयार पारिएका ग्लोवल जेन्डर ग्याप रिपोर्ट, २०२२ मा नेपालको प्राप्तांक ०.६९२ रही १५३ मुलुकहरुमध्ये ९६ औं र दक्षिण एशियामा दोस्रो स्थानमा रहेको छ । पन्ध्रौं योजनामा उल्लेख भए अनुसार महिला साक्षरता ५७.७ प्रतिशत रहेको छ भने महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत रहेको छ । राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार हाल मृत्युदर प्रतिलाख जीवित जन्ममा २३९ रहेको छ ।



Scanned with CamScanner

राज्यका विभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुँदै आएको छ। सरकारी आर्थिक तथा सामाजिक रुपान्तरणका लागि भएका नीतिगत र कानूनी व्यवस्था र संचालित कार्यक्रमहरुले महिला प्रतिनिधित्व, सहभागिता, विद्यमान् श्रोत साधनमा पहुँच आदिमा वृद्धि हुँदै गएको छ। साथै, जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सुधार भएको अवस्था छ।

**३. समस्या**

घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचबिखन लगायत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा यस क्षेत्रको प्रमुख समस्याका रुपमा रहेका छन्। धार्मिक तथा प्रथा परम्पराका नाममा प्रचलनमा रहेका खराब अभ्यासहरु जस्तै बोक्सी, बाल विवाह, बहु विवाह, दाईजो तथा तिलक प्रथाले महिला किशोरी तथा बालिका माथि हुने शारीरिक तथा मानसिक हिंसा कायम नै छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हुने शारीरिक तथा मानसिक हिंसा विद्यमान रहनु , सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध एवम् सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु, महिलाको विकासमा पुरुषको सहभागीता न्यून रहनु, महिलाको आर्थिक सशक्तिकरण हुन नसक्नु, महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषबीच विभेद रहनु, सबै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागीता रहनु, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको खण्डीकृत तथ्यांक नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान छन्।

**४.चुनौती**

सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिकामा वृद्धि गर्नु, राज्यका सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, लैङ्गिक हिंसाको अन्त्य गरी न्यायँमा पहुँच बढाउनु, हानिकारक कुरीति, मूल्य मान्यता र कुप्रथाको अन्त्य गर्नु, संघ, प्रदेशको साथै स्थानीय तहमा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु, महिलाको प्राकृतिक, व्यवसायिक एवम् सामाजिक भूमिकालाई सन्तुलन गर्नु, खास लक्षित समूहलाई लाभान्वित बनाउनु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरीमाथि हुने सबै किसिमको विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौती हुन्।

**५. नीतिको आवश्यकता र औचित्य**

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाँडफाँडको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्धौं योजनाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न, दिगो विकासको लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा, हानिकारक मूल्य र मान्यता र विभेद हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ। नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका लागि राष्ट्रिय लैङ्गिक समानता नीति लाई स्थानीयकरण गर्न आवश्यक देखिएकाले यस नगरपालिकाको नगरस्तरीय लैङ्गिक समानता नीति निर्माण गरिएको छ।

Scanned with CamScanner

लैङ्गिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस नीतिले मूल नीतिको रुपमा मार्गनिर्देश गर्नेछ । यस नीतिले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सवैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रममा सामान्जस्यता ल्याउन समन्वय गर्नेछ ।

**६. दीर्घकालीन सोच**

लैङ्गिक समानतायुक्त स्थानीय तहबाट राष्ट्र निर्माण ।

**७. सोचको परिदृश्य**

सवै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा स्थानीय तहमा लैङ्गिक समानता कायम गर्ने ।

**८. लक्ष्य**

महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण सहित कानूनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक वीच समानता स्थापित गर्ने ।

**९. उद्देश्य**

१. महिला, किशोरी तथा वालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।
२. लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्नु ।
३. लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्नु ।
४. महिलाको आर्थिक सशक्तिकरण गर्नु ।

**१०. रणनीति**

१. विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री वनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने । (उद्देश्य १)
२. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । (उद्देश्य २)
३. कानूनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमवाट स्थानीय शासकीय सँगै सवै तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने । (उद्देश्य ३)
४. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम वजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याँकन गर्ने । (उद्देश्य ४)
५. स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमवाट महिलाको आर्थिक सशक्तिकरण गर्ने । (उद्देश्य ४ )



Scanned with CamScanner

६. श्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिला खास गरी पछाडि परिएका वर्गका महिलाहरुलाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

## ११. नीति तथा कार्यनीति

**रणनीति १ :** विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।

**नीति तथा कार्यनीति**

(क) लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार नेपाल कानून लगायत स्थानीय तहको कानून लाई परिमार्जन गर्दै लैङ्गिक समानतायुक्त बनाइनेछ ।

(ख) महिला, किशोरी तथा वालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्वन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान संचालन गरिनेछ ।

(ग) महिलालाई राज्यका सवै क्षेत्रमा समानुपनतिक प्रतिनिधित्व र समान अवसरको संवैधानिक हकलाई स्थापित गर्ने विद्यमान कानूनको कार्यान्वयन गरिनेछ । साथै, कानूनी सुधारलाई निरन्तरता दिइनेछ ।

(घ) विभिन्न कार्यक्रमका माध्यमबाट मुसहर, माझी, सामाजिक र आर्थिक रुपमा अपहेलना र विभेदमा परेका तथा निर्धन दलित, मधेशी, आदिवासी जनजातीहरुको विशेष संरक्षण गरिनेछ ।

(ङ) महिलाको सहभागितालाई अर्थपूर्ण वनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

(च) सवै क्षेत्रको नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गरिनेछ ।

(छ) समाजमा लैङ्गिकमैत्री द्रृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्यसामग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्यसामग्रीमा लैङ्गिक समानता झल्किने चिन्ह, चित्र, कार्टुन लगायतका विषयलाई समावेश गरिनेछ ।

(ज) सार्वजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड निर्माण गरी लागू गरिनेछ ।

(झ) महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

(ञ) परिवार, समाज तथा कार्यस्थलमा महिला प्रति मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा खासगरी स्थानीय तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय संघ संस्था, आमा समूह, बालक्लब, बालवालिका संजाल र किशोरी समूह लगायतका स्थानीय संस्थाहरुलाई कृयाशील बनाइनेछ ।

(ट) लैङ्गिक भूमिकामा रुपान्तरण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह परिचालन, उदाहरणीय कार्य गर्ने संस्था, समूह परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

Scanned with CamScanner

(ठ) सञ्चार माध्यमबाट नियमित रुपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिका प्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै श्रव्य-दृश्य उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।

(ड) लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरुषको सहभागिता अभिवृद्धि गर्दै लगिनेछ ।

**रणनीति २:** निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने ।

**नीति तथा कार्यनीति**

(क) महिला, किशोरी तथा बालबालिकामाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

(ख) लैङ्गिक हिंसाको अन्त्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

(ग) कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा महिला, किशोरी र बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(घ) न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई लैङ्गिक विषयमा क्षमता अभिवृद्धि तथा पुर्नताजगी तालिम सञ्चालन गरिनेछ ।

(ङ) लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

(च) हिंसा पीडित/प्रभावित, मानव बेचबिखन तथा ओसारपसारमा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

(छ) हिंसा पीडित/प्रभावितलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पूर्नमिलन गराइनेछ । साथै, यस्ता पीडित र प्रभावितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

(ज) महिला हिंसा र त्यसको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला, बालबालिका सम्बन्धी हेल्पलाईन स्थापना र विस्तार गरिनेछ ।

(झ) महिला हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।

(ञ) लैङ्गिक हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ । यस कार्यमा सामाजिक संघ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सकृय रुपमा परिचालन गरिनेछ ।

(ट) बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी तथा बालिकालाई सुसूचित गराउदै यस्ता अपराधलाई नियन्त्रण गरिनेछ ।



Scanned with CamScanner

(ठ) हिंसा प्रभावित र वैदेशिक श्रम बजारमा रोजगारीका क्रममा जोखिममा पेरका महिलाको आर्थिक सशक्तिकरणका लागि आवश्यकता अनुसार तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ ।

(ड) महिनावारीलाई छुवाछुतका रुपमा लिने तथा छाउपडी बार्ने प्रथा जस्ता लैङ्गिक विभेद र हिंसाको अभ्यासलाई अन्त्य गर्न स्थानीय तहको सकृयतामा मर्यादित महिनावारी सम्वन्धी प्रवर्द्धनात्मक कृयाकलापलाई स्थानीय तहका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरी बाल क्लब सञ्जाल, युवा क्लब, किशोरी समूह, आमा समूह, लगायत समुदायमा आधारित संस्थाहरुको सकृयतामा सामाजिक जागरणको अभियान संचालन गरिनेछ ।

(ढ) विद्यालयबाट सञ्चालन गरिने अतिरिक्त कृयाकलापमा महिनावारीको वैज्ञानिक पक्षका विषयमा छलफल तथा अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ । यस्ता कार्यक्रममा अभिभावकलाई समेत सहभागी गराइनेछ ।

(ण) बालविवाह, बहुविवाह, दाईजो एवम् तिलक जस्ता वैवाहिक परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सकृयातामा कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।

(त) बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानूनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(थ) लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । यस्ता व्यक्तिहरुलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुका साथै नियमनकारी उपायसमेत अवलम्बन गरिनेछ ।

रणनीति ३: कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट स्थानीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**नीति तथा कार्यनीति**

(क) संघ र प्रदेशलाई टेवा पुग्ने गरी स्थानीय तहमा लैङ्गिक उत्तरदायी नीति, योजना कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(ख) संघ र प्रदेशलाई टेवा पुग्ने गरी स्थानीय तहमा लैङ्गिक समानता नीति कार्यान्वयन गर्न सम्वन्धित शासकीय तहको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) संघ र प्रदेशलाई टेवा पुग्ने गरी स्थानीय तहमा कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैङ्गिक संवेदनशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी बजेट प्रकृयाबारे अभिमुखीकरण गरिनेछ ।

(घ) सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा लैङ्गिक समानता तथा महिला सशक्तिकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याईनेछ ।

(ङ) लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीय तहमा संस्थागत गरिनेछ ।

(च) सार्वजनिक नीति निर्माण, कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला सशक्तिकरणको विषय, बजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता, एवम् लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेषण गर्न लैङ्गिक परीक्षण कार्यको थालनी गरिनेछ ।

(छ) सार्वजनिक निकायमा रहेका लैङ्गिक सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ ।

(ज) सार्वजनिक तथा निजी क्षेत्रका लागि कार्यस्थलमा लैङ्गिक समानता आचार संहिता तथा उजुरी एवम् सुनुवाई संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(झ) राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत लैङ्गिक तथ्यांक संकलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।

(ञ) खण्डीकृत तथ्यांक सहितको लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको स्थानीय विकास गरिनेछ । यस्तो प्रणालीलाई अनलाईन रुपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको लैङ्गिक सूचनामा सहज पहँचको व्यवस्था मिलाइनेछ ।

(ट) सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा लैङ्गिक समानता तथा समानुपातिक समावेशीताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

(ठ) सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलाका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(ड) बहुविभेदमा परेका सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता लगायतका वर्गका महिलालाई खास गरी मुसहर, माझी, दलित, मधेशी, जनजाती वर्गका महिलाहरुलाई समान अवसर, पहँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

(ढ) लैङ्गिक समानता र लैङ्गिकमैत्री व्यवहार सम्बन्धी विषयमा खुला छलफल र अन्तरकृया गरिनेछ र यस कार्यमा पुरुष अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक पैरवीकर्ताको परिचालन गरिनेछ ।

रणनीति ४: लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदान मूल्यांकन गर्ने ।

नीति तथा कार्यनीति

(क) घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्यांकन गरी अर्थतन्त्रमा पुर्‍याएको योगदानको गणना गरिनेछ ।

(ख) घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरुषको समान भूमिकालाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) महिलाहरुलाई औपचारिक क्षेत्रमा रोजगारीउन्मुख गराउन, घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) महिलाको पारिवारिक एवम् व्यावसायिक जीवनबीचको सन्तुलन कायम गर्नेगरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् वहस, सामाजिक अभियान आदि जस्ता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति ५: स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।**

**नीति तथा कार्यनीति**

(क) महिलाको सम्पत्तिमाथि पहुंच बढाउने, निर्णय प्रकृयामा अर्थपूर्ण सहभागितामा वृद्धि गर्ने र महिलाको नाममा सम्पत्ति राख्ने प्रकृयालाई थप सरलीकृत गरिनेछ ।

(ख) व्यवसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्वन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक कृयाकलापमा वृद्धि गरिनेछ ।

(ग) कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण, लगायतका कार्यक्रममा स्थानीय तह मार्फत महिलाको आर्थिक कृयाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(घ) महिला उद्यमीद्वारा उत्पादित वस्तुको संकलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुका साथै "एक स्थानीय तह, एक विक्री केन्द्र" को व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ ।

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिला प्रवर्द्धित लगानीलाई विशेष सहुलियतसाथ समावेश गरिनेछ ।

(च) विपन्न तथा सीमान्तीकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

(छ) व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ ।

**रणनीति ६: श्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ।**

**नीति तथा कार्यनीति**

(क) स्थानीय पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।

(ख) महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) महिलाद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र वीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।



Scanned with CamScanner

(घ) महिलालाई उद्यमशीलताको विषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

(ङ) महिलाको आर्थिक कृयाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।

(च) कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिनेछ ।

(छ) स्थानीय तहमा स्थपना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा महिला उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराइनेछ ।

## १२. संस्थागत संरचना

१. यो नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि स्थानीय तह, संघ र प्रदेश सरकारसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरण गर्न स्थानीय तहमा नगर प्रमुखको संयोजकत्वमा तपसिल अनुसारको नीति कार्यान्वयन तथा समन्वय समिति रहने छ:

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| कार्यपालिकाका एक जना महिला सदस्य | सदस्य |
| विषय विज्ञ, नागरिक समाजवाट (२ जना) | सदस्यहरु |
| महिला वालवालिका शाखा प्रमुख | सदस्य-सचिव |

२. नगर स्तरीय स्थानीय समन्वय समितिले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. नगर स्तरीय स्थानीय समन्वय समितिले आवश्यकता अनुसार अन्य समिति, उपसमितिहरु गठन गरी काम गराउन सक्नेछ ।

४. स्थानीय तहमा नीति समन्वय तथा अनुगमनको लागि स्थानीय समन्वय समितिले नगर उप-प्रमुखको संयोजकत्वमा योजना शाखाको सदस्य र आवश्यकता अनुसार विषय विज्ञहरु सदस्य रहने गरी तथा सामाजिक शाखा प्रमुख सदस्य सचिव रहने गरी स्थानीय लैङ्गिक नीति समन्वय तथा अनुगमन उप-समिति गठन गरी समन्वय समितिलाई प्रतिवेदन वुझाउने गरी उक्त उप-समिति गठन तथा परिचालन गर्नेछ ।

५. स्थानीय तहका समितिले नीतिको कार्यान्वयनका लागि कानून, नीति योजना, कार्यक्रमलाई लैङ्गिकमैत्री वनाउन तथा महिलाको नेतृत्वको क्षमता र महिला सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्नेछन् ।



Scanned with CamScanner

### १३. कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागू गर्न सकिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखाले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ ।

### १४. अनुगमन तथा मूल्यांकन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक सूचक देखिने गरी स्थानीय तहको एकीकृत सूचना प्रणाली कार्यान्वयन गरिनेछ । यस सूचना प्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी स्थानीय तहले नियमित रुपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनेछ ।

(ख) सवै शाखावाट आ-आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा स्थानीय लैङ्गिक समानता नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान गर्नुपर्नेछ ।

(ग) स्थानीय विकास समस्या समाधान समितिको बैठकमा लैङ्गिक उत्तरदायी वजेट तथा लैङ्गिक समानता नीतिको कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

(घ) यस नीतिको पुनरावलोकन पाँच वर्षमा गरिनेछ ।

### १५. सम्भावित जोखिम न्यूनीकरण योजना

१. यस नीतिको प्रकृति र स्वरुप वृहत् तथा साझा सरोकारको विषय भएकोले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छ :-

(क) लैङ्गिक समानता सम्वन्धी वुझाइमा विविधता हुन सक्ने ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा श्रोत साधनको सीमितता हुन सक्ने ।

(ग) लैङ्गिक विषय वहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

(घ) स्थानीय तहका विभिन्न निकायका वा शाखाका बीच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहरोपना आउन सक्ने ।

२. जोखिम न्यूनीकरणका उपायहरु

(क) स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन तथा मूल्याँकन योजना तर्जुमा गरी लागू गरिनेछ ।

(ख) स्थानीय तहमा समन्वय संयन्त्रको रुपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । लैङ्गिक सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।

(ग) लैङ्गिक समानतावारे नगरपालिकामा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरुको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिनेछ ।



Scanned with CamScanner